स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गायिका इन्दिरा जोशीको नयाँ गीत "सेन्सेसन" सार्वजनिक भएको छ। आइटम शैलीको यो गीतमा मनोज खड्काको शब्द रचना र कल्याण सिंहको संगीत छ। गोपाल रसाइलीले एरेन्ज गरेको गीतमा रामकृष्ण ढकालको समेत स्वर छ । आफ्नो जवानीले प्रेमपूर्वक सनसनी मच्चाउने भाव व्यक्त गर्ने गीतको भिडियोमा आश्मा विश्वकर्मा बोल्ड अवतारमा प्रस्तुत भएकी छन्।

आजको विचार...



मौद्रिक...

(दुई पेजमा)

डा. होमनाथ गैरे

फिल्म "लालीबजार"ले व्यवसायिक सफलतालाई सेलिब्रेसन गरेको छ। आयोजित समारोहमा निर्माण कलाकार, निर्माण टिम र प्राविधिकलाई कदर पत्र प्रदान गरियो। कलाकार मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डीसी, कलाकार चैत्यदेवी सिंह, बसुन्धरा भुसाल, भुवन चन्दले कदर पत्र प्रदान गरे। कार्यकारी निर्माता प्रदीप भ राईले फिल्म रिलिजको समयमा नयाँ अनुभव बटुलेको बताए। "नयाँ अनुभव भयो। जनताले मन पराएपछि हामी सफल भयौं" उनले भने।



❐ वर्ष ३१ ❐ अंक ३३३ ❐ २०८३ असार १७ गते बुधबार 1 July 2026, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### भेनेजुएलामा भूकम्पका कारण ५८ हजार भवनहरू क्षतिग्रस्त

(रासस/एएफपी)——

**वाशिंगटन,** असार १६/अमेरिकी अन्तरिक्ष एजेन्सी नासा द्वारा प्रकाशित उपग्रह तथ्याङ्को प्रारम्भिक मूल्याङ्कन अनुसार गत हप्ता भेनेजुएलामा आएका शक्तिशाली दुई वटा भूकम्पका कारण ५८ हजार भन्दा बढी भवनहरूलाई क्षतिग्रस्त भएको उल्लेख गरिएको छ । भेनेजुएलामा गत हप्ता ७.२ र ७.५ म्याग्निच्युडको भूकम्पमा परी एक हजार ७०० जनाको मृत्यु भएको पुष्टि हुनुका साथै हजारौं अझै बेपत्ता भएको बताइएको छ । ओरेगन स्टेट युनिभर्सिटीका अनुसन्धानकर्ता कोरी शेर र जामोन भान डेन होकका अनुसार भूकम्पको भोलिपल्ट जुन -२५ मा सङ्कलन गरिएको उपग्रह राडार तथ्याङ्को आधारमा "प्रभावित क्षेत्रमा लगभग ५८ हजार ८७० वटा भवनहरू क्षतिग्रस्त भएको जनाइएको हो । यो प्रारम्भिक तथाङ्क द्रुत मूल्याङ्कनले क्षतिसँग मिल्दोजुल्दो अवस्थालाई प्रतिबिम्बित गर्ने अनुसन्धानकर्ताहरूले जनाइएका छन् उनीहरुका अनुसार यो तथ्याङ् प्रमाणित हुने प्रक्रिया अझै बाँकी नै छ । नासाले उपग्रहहरूले "जमिनमा रहेका उद्धार टोलीहरूलाई प्रभावहरूको मूल्याङ्कन गर्न र प्रतिक्रिया प्रयासहरूलाई मार्ग-दर्शन गर्न मद्दत गर्नको लागि महत्वपूर्ण तथ्याङ्क उपलब्ध गराएको जनाएको छ ।

## खेतबारी जोत्न भित्रियो प्रविधि

# हराउँदै गोरुले जोत्ने प्रचलन

**रामचन्द्र रायमाझी/रासस ——**

**तानसेन (पाल्पा),** असार १६ /एक दशकअघिसम्म पाल्पाका फाँटहरूमा असार लागेसँगै हल गोरुले खेत जोतेर धान रोपाइँ गर्ने दृश्य माथागढी गाउँपालिका देउगीरका ७२ वर्षीय जीवन घर्तीको मानस्पटमा अझै ताजै छन् । "हँ हँ माले हँ हँ, हँ हँ तारे गर्दै असार र साउन महिनामा खेतमा गोरु कुदाउने गर्थे, अघिअघि हली पछिपछि रोपाराले गीत गाउँदै खेत जोत्ने गरेको देख्दा रमाइलो लाग्थ्यो ।

हामीले पनि गोरु जोतैरै रोपाइँ गर्यौं तर हिजोआज भने ट्याक्टरले जोत्न थाले", घर्तीले भने, "अहिले गाउँमा हलगोरु भेट्याउनै मुस्किल पर्छ ।" गाउँमा अहिले एक-दुई हल गोरु मात्रै रहेका उनले बताए । आफूले ६० वर्ष पुग्दासम्म पनि हलगोरु पालेरै जोतेको घर्तीको भनाइ छ । "पहिला सबैले गोरु पालेरै जोत्थे तर अब त किसानहरूले गोरु पाल्नै छाडे", उनले भने, "गाउँघरमा अहिले एक, दुई हल मात्रै गोरु छन्, मैले उमेर हुँदासम्म घरमै गोरु पालेरै जोत्ने गर्थे तर अहिले बुढो भएर सक्दिन ।" मकै रोप्ने र जोत्नेबेला छोराहरुले ट्याक्टर ल्याएर जोत्ने गरेको उनले सुनाए । पूर्वखोला गाउँपालिका रिङनेरहका वीरबहादुर सारुले खेतबारी जोत्न सहज रूपमा ट्याक्टर पाइन थालेपछि विगत पाँच वर्षदेखि गोरु पाल्न छाडेको बताए । पाखाको बारी र फेदीको खेत ट्याक्टरले जोत्न थालेपछि गोरु बेचेको सारुको भनाइ छ । गाउँघरबाट युवापुस्ता वैदेशिक रोजगारीमा पलाएन हुनेक्रम बढेसँगै हलगोरु पालेर खेती लगाउने प्रचलन पनि हराउँदै गएको ६० वर्षीय सारुले बताए । "बढेका छोरा, बुहारी सहर र विदेशतिर पसेकाले गाउँघरमा घाँस काट्ने, गोरु जोत्ने मान्छे पनि छैनन्", उनले भने, "अब सबै सुखसँग बस्ने भए, गोरु पाल्ने मान्छे गाउँघरमा भेट्नै मुस्किल छ ।" यी त केही उदाहरण मात्रै हुन् । पछिल्लो समय यहाँका अधिकांश फाँटमा गोरुले खेतबारी जोत्ने परम्परा विस्तारै हराएको छ । कृषि क्षेत्रमा आधुनिक मेसिनको प्रयोग बढ्दै जाँदा गोरुको स्थान ट्याक्टर, मिनी टिलर र पावर टिलरले लिन थालेका छन् । पहिले हरेक किसानले खेतीका लागि गोरु पाल्ने चलन थियो । रोपाइँ, मकै, गहुँ तथा अन्य बाली लगाउन खेत जोत्न गोरु अनिवार्य मानिन्थ्यो ।

*-बाँकी अन्तिम पेजमा...*



*हाते ट्याक्टरबाट बारी जोत्दै पाल्पा पूर्वखोला -२ जल्पाका किसान । तस्वीर : कृष्ण पोखरेल/एनजेडी*

# आज लुम्बिनी प्रदेश सभाको बैठक बस्दै



**बुटवल,** असार १६/ लुम्बिनी प्रदेश सभाको आठौँ अधिवेशन अन्तर्गत ११औं बैठक आज बस्न लागेको छ । आगामी आर्थिक वर्षको बजेट माथिको सैद्धान्तिक छलफलसहित विभिन्न विधेयकमाथि आवश्यक प्रक्रिया अघि बढाउन बैंठक दिउँसो १ बजे बस्न लागेको हो ।

बैठकमा प्रदेश सभा सदस्यहरूले आगामी आर्थिक वर्षको राजस्व र व्ययको वार्षिक अनुमानमाथि सैद्धान्तिक छलफल गर्ने कार्यसूची रहेको प्रदेश सभा सचिवालयले जनाएको छ । छलफलका क्रममा उठ्ने प्रश्नहरूको जवाफ आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले दिने कार्यक्रम रहेको छ । साथै, मन्त्री कार्कीले विनियोजन विधेयक प्रदेश सभामा पेश गर्ने कार्यसूची पनि तय भएको छ । यस्तै, सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिनाले 'थारु समुदायका प्रथाजनित परम्परासम्बन्धी विधेयक' विषयगत समितिमा पठाउने प्रस्ताव पेश गर्ने कार्यसूची रहेको प्रदेश सभा सचिवालयले जनाएको छ ।

# अवैध लागूऔषध सहित १२ जना पक्राउ

**पाल्पा,** असार १६/देशका विभिन्न स्थानबाट अवैध लागूऔषध सहित १२ जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार धनकुटा, सिराह, पर्सा, कास्की, मोरङ, कैलाली, बारा लगायतका जिल्लाहरुबाट अवैध लागूऔषध सहित १२ जनालाई प्रहरीले पक्राउ गरेको हो ।

धनकुटाको सहिदभूमि गाउँपालिका-७ साप्टिङ्टारबाट नियन्त्रित लागूऔषध ट्रामाडोल ३ हजार ७ सय ९० ट्याब्लेट र डाइक्लोमाइन ३ हजार ७ सय ९० ट्याब्लेट सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही गाउँपालिका-७ बस्ने २३ वर्षीय अजित कार्की र १९ वर्षीय उज्वल राई रहेका छन् । प्रहरी चौकी आँखीसल्लाबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । साथै प्रहरीले



उनीहरूले प्रयोग गरेको प्रदेश १ -०२-०५६ प ९४५८ र को.३६ प ६१७३ नम्बरको मोटरसाइकलहरू समेत बरामद गरेको छ । यस्तै सिराहाको धनगढिमाई नगरपालिका-३ कुर्वा टोल बस्ने ६५ वर्षीय जोगिन्द्र साहलाई अवैध लागूऔषध गाँजा १४ किलोग्राम सहित प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय धनगढी र लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय गोलबजारबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त गाँजा फेला पारी पक्राउ गरेको हो । यस्तै बाराको जीतपुरसिमरा उपमहानगरपालिका-७ जीतपुर बजारबाट अवैध लागूऔषध गाँजा ३ सय ६० ग्राम सहित सोही ठाउँ बस्ने ५० वर्षीया बच्ची साहलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यलाय जीतपुरबाट खटिएको प्रहरीले उनलाई उक्त गाँजा सहित पक्राउ गरेको हो । कैलालीको धनगढी उपमहानगरपालिका-३ बाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ सय मिलिग्राम सहित सोही ठाउँ बस्ने २२ वर्षीय अभिषेक शर्मालाई प्रहरीले पक्राउ गरेको छ । अस्थायी प्रहरी पोष्ट विशालनगरबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । बर्दियाको गुलरिया नगरपालिका-११ बाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ २ सय ३० मिलिग्राम सहित मधुवन नगरपालिका-७ बस्ने २४ वर्षीय अजय सुनारलाई प्रहरीले पक्राउ गरेको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## अनुदान रकम खर्च गर

हरेक आर्थिक वर्षमा संघ, प्रदेश तथा स्थानीय सरकारले कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार, उद्यम विकास र विपन्न समुदायको उत्थानका लागि करोडौं रुपैयाँ अनुदानका रूपमा विनियोजन गर्छन् । तर विडम्बना, आर्थिक वर्षा सकिन लाग्दासम्म पनि धेरै अनुदान रकम खर्च हुन नसक्ने अवस्था दोहोरिरहन्छ । खर्च हुनुपर्ने रकम सरकारी खातामै थन्किने वा अन्तिम समयमा हतार-हतार खर्च गर्ने प्रवृत्तिले विकासको प्रभावकारिता कमजोर बनाएको छ । अनुदान रकम समयमै खर्च हुन नसक्नुका कारण योजना छनोटमा ढिलाइ, खरिद प्रक्रियाको जटिलता, प्रशासनिक सुस्तता तथा सम्बन्धित निकायबीच समन्वयको अभाव प्रमुख हुन् । कतिपय अवस्थामा बजेट त छुट्याइन्छ, तर कार्यान्वयनको स्पष्ट योजना नहुँदा रकम निष्क्रिय बस्ने अवस्था आउँछ । अर्कोतर्फ, आर्थिक वर्षको अन्त्यमा असारे विकासको प्रवृत्तिले गुणस्तरीय कामभन्दा रकम सक्ने मानसिकतालाई प्रोत्साहन गर्छ । अनुदानको उद्देश्य केवल रकम वितरण गर्नु होइन, त्यसबाट वास्तविक उपलब्धि हासिल गर्नु हो । कृषाकलाई दिइने अनुदानले उत्पादन बढाउनुपर्छ, उद्योगलाई दिइने सहयोगले रोजगारी सिर्जना गर्नुपर्छ र पूर्वाधारमा गरिएको लगानीले नागरिकको जीवनस्तर सुधार्नुपर्छ । त्यसैले अनुदान रकम समयमै, पारदर्शी रूपमा र प्रभावकारी ढंगले खर्च हुनु अपरिहार्य छ ।

जनताको करबाट संकलित स्रोत जनताकै हितमा खर्च हुनुपर्छ । त्यसैले अनुदान रकम समयमै, सही क्षेत्रमा र परिणाममुखी रूपमा खर्च गर्नु आजको आवश्यकता हो । विकासलाई गति दिन, स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउन र नागरिकको विश्वास कायम राख्न सम्बन्धित निकायले अब ढिलाइ गर्ने छुट छैन । अनुदान खर्च नहुँदा हरेक वर्ष तीनै तहका सरकारले दिने अनुदान पनि आउन कम हुँदै गएको छ । कम्तीमा यो अवस्था आउन दिने वातावरण बन्नु हुँदैन । सरकारले सित्तैंमा दिएको रकम पनि खर्च गर्न नसकेर खेर जानु भनेको लाजमर्दो विषय हो । त्यसैले अनुदान रकम खर्च गरौं, समृद्ध स्थानीय समाज निर्माण गरौं ।

### Opinion @ Social Network

कुरा विश्वास को थियो तिमीले प्रमाण माग्यौ,
गीतामा पनि श्री कृष्णको हस्ताक्षर कहाँ थियो र ।
*(सोनिया पाण्डेको फेसबुक स्टाटसबाट www.facebook.com/Soniya.Panday)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# मौद्रिक नीतिमा ऋण बजारले खोजेको सुधार



**डा. होमनाथ गैरे**

सरकारले आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत लगानी प्रवर्द्धन, रोजगारी सिर्जना र औद्योगिक विस्तारका साथै नवप्रवर्तन तथा आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिँदै ७ प्रतिशत आर्थिक वृद्धिको लक्ष्य राखेको छ । उक्त लक्ष्य हासिल गर्न आवश्यक कर्जा तथा निजी लगानी व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकमार्फत उपयुक्त मौद्रिक नीति ल्याइने पनि बजेट भाषणमा उल्लेख छ । पछिल्लो अवस्था विश्लेषण गर्दा अहिले नेपालको बैंकिङ प्रणालीमा खर्बौंको लगानीयोग्य रकम (अधिक तरलता) उपलब्ध भए पनि निजी क्षेत्रको तर्फबाट कर्जाको प्रभावकारी माग विस्तार हुन सकेको छैन । उता विदेशबाट प्राप्त हुने विप्रेषणको लगातार वृद्धिका कारण निक्षेप बढेर सर्वाधिक उचाइमा पुगेको छ भने ब्याजदर निरन्तर घट्दो क्रममा छ । यसले अर्थतन्त्रको समष्ठिगत माग अपेक्षाकृत रूपमा बढ्न नसक्नुको कारण नेपालको अर्थतन्त्र संरचनागत चुनौतीको चरणमा रहेको संकेत गर्दछ । यसै सन्दर्भमा सदाझैं नेपाल राष्ट्र बैंकले नयाँ आर्थिक वर्षको मौद्रिक नीतिको तयारी गरिरहेको छ । सरकारको बजेट वा वित्तीय नीतिले निजी लगानी, रोजगारी, नवप्रवर्तन र उत्पादनमूलक क्षेत्रलाई प्राथमिकता दिएको अवस्थामा मौद्रिक नीतिप्रति निजी क्षेत्रको अपेक्षा पनि उच्च छ । तर अहिलेको प्रमुख प्रश्न के हो भने बैंकिङ प्रणालीमा पर्याप्त तरलता र ब्याजदर न्यून हुँदा पनि कर्जाको माग किन बढ्न सकिरहेको छैन ? के ब्याजदरले मात्र ऋणको माग निर्धारण गर्छ ? वा समस्या अर्थतन्त्रको गहिरो संरचनागत पक्षसँग जोडिएको छ ? हो, अहिलेको अवस्थाले स्पष्ट रूपमा संकेत गरिरहेको छ, चुनौती केवल अधिक तरलताको होइन, यो त लगानीको अवसर, निजी क्षेत्रको आत्मविश्वास र अर्थतन्त्रको संरचनागत असन्तुलनसँग गाँसिएको छ । वित्तीय प्रणालीमा पैसा निष्क्रिय बस्दा एकातिर अर्थतन्त्रका उत्पादन क्षेत्रमा त्यसको प्रवाह हुन सकेको छैन भने अर्कोतिर नेपाल राष्ट्र बैंकलाई तरलता व्यवस्थापनमा हम्मे हम्मे परेको छ । यो अवस्थाको जरा नेपाली अर्थतन्त्रको बहुआयामिक संरचनागत जटिलता, अर्थराजनीतिक अनिश्चितता र निजी क्षेत्रको मनोविज्ञानसँग पनि जोडिएको छ । नेपालको बैंकिङ प्रणालीमा ऋणको माग उत्पादनमूलक औद्योगिक क्षेत्रभन्दा बढी उपभोग र आयातजन्य क्षेत्रमा निर्भर छ भने कोषको आपूर्ति आन्तरिक बचत र सरकारी खर्चभन्दा विदेशबाट प्राप्त हुने रेमिट्यान्समा निर्भर रहेको छ । यसरी हेर्दा रोजगारी वा पढाइको सिलसिलामा विदेश गएको करिब एक करोड जनशक्तिको कमाइका कारण प्रणालीमा निक्षेप वृद्धि भइरहेको छ। तर त्यही अनुपातमा स्वदेशमा उत्पादनमूलक लगानीका अवसर सिर्जना हुन सकेका छैनन् । परिणामस्वरूप बैंकहरूमा पैसा थुप्रिएको छ तर उद्यमीहरू नयाँ परियोजनामा प्रवेश गर्न उत्साहित छैनन्।

**किन यस्तो भयो ?**

पहिलो, नेपालमा प्रतिफलयोग्य र निजी लगानीका लागि तयारी अवस्थामा रहेका (ब्याङ्केवल) परियोजनाहरूको पर्याप्तता छैन।ठूला सरकारी पूर्वाधार परियोजना निर्माणमा ढिलाइ मात्र भएको छैन व्याप्त भ्रष्टाचारका कारण सयौं आयोजना जीर्ण बनेका छन् । कतिपय जीर्ण आयोजनाको ठेक्का तोडिए भने आवश्यक तयारीबिनाका नयाँ आयोजना पनि स्थगन भए । परिणामत: ठूला सरकारी आयोजनाले सिर्जना गर्ने उपभोग र आयातजन्य क्षेत्रमा निजी लगानीकर्ता 'पर्ख र हेर'को मनोविज्ञानमा पुगे । नीतिगत निरन्तरतामा अनिश्चितता र आयोजना व्यवस्थापनमा अस्पष्टताले निजी क्षेत्रलाई दीर्घकालीन कर्जा परियोजनाहरूमा प्रतिबद्धता गर्न हतोत्साहित गऱ्यो । जलविद्युत् क्षेत्रमा नदी प्रवाहमा आधारित आयोजनाको बजार सङ्कुचित हुँदा विद्युत् खरिद सम्झौता (पीपीए) रोकिएको छ । जग्गाप्राप्ति र वन सम्बन्धी कानुनी झन्झट तथा जलवायुजन्य जोखिमका कारण ठूला व्यावसायिक पूर्वाधारमा निजी क्षेत्रको लगानी क्षमता कमजोर र आकर्षण न्यून छ । अर्कोतर्फ, घरजग्गा व्यवसायका मन्दी, अस्थिर बजार र पूर्वानुमान गर्न कठिन व्यवसायिक वातावरणले उद्यमीलाई नयाँ ऋण लिन प्रेरित गरेको छैन । बैंकहरू स्वयम् पनि छिटो प्रतिफल खोज्ने प्रवृत्तिमा छन् । जोखिम व्यवस्थापनका नाममा भौतिक धितोमा अत्यधिक निर्भरता हुँदा उच्च सम्भावना भएका साना तथा मझौला उद्यमले सहजै ऋण पाउन सक्दैनन् । नविन सोच र ज्ञानमा आधारित उद्यम क्षेत्रमा लगानीको वातावरण अझै अपरिपक्व छ । औद्योगिक क्षेत्र विस्तार हुन नसक्दा पूँजीगत उपकरण वा स्थिर सम्पत्तिको आयात सुस्त छ । दीर्घकालीन र ठूलो पूँजी चाहिने परियोजनामा जोखिम व्यवस्थापन (हेजिङ)का लागि उपयुक्त वित्तीय संयन्त्रको अभाव छ । परिणामत: ठूला परियोजनाहरू अघि बढ्न सकेनन् र अपेक्षाकृत रूपमा कर्जाको माग बढ्न सकेको छैन ।

**वैदेशिक रोजगारीको असर**

अहिलेको सामाजिक तथा जनसांख्यिक संरचनाले पनि कर्जाको मागलाई असर गरेको छ । उच्च उपभोग प्रवृत्ति भएका लाखौं युवा जनसंख्या विदेशमा छन् । उनीहरूले परिवारलाई मोबाइल, घडी, टीभी, कम्प्युटर र लत्ता कपडा जस्ता प्रमुख उपभोग्य सामग्री उतैबाट ल्याउँछन् वा पठाइदिन्छन् । स्वदेशी बजारमा त्यस्ता वस्तुको माग घट्दा आयातमा जाने ऋण बढ्न सकेको छैन । करिब एक तिहाइ घरपरिवारको सदस्य विदेशमा हुँदा विदेश अध्ययन वा घरघडेरी खरिदका लागि आवश्यक रकम आफन्तकै स्रोतबाट व्यवस्थापन हुने भएकाले बैंक कर्जाको आवश्यकता कम हुँदै गएको छ । घरजग्गा क्षेत्र सुस्त छ । नेपालको कुल घरधुरीभन्दा घडेरीको नाममा टुक्रा पारिएका जग्गाको संख्या धेरै भइसकेको छ । सुरुवाती दिनमा अमेरिका, अष्ट्रेलिया गएका नेपालीहरूले यता किनेका घडेरी अहिले बिक्रीमा चढ्दा नयाँ माग बढेको छैन । प्रमुख शहरमा घरको मागभन्दा आपूर्ति बढी हुँदा आवास तथा रियल इस्टेट क्षेत्रमा कर्जाको माग बढ्न सकेको छैन ।

**विकासको अर्थ राजनीति**

नेपालको अर्थ राजनीतिक संरचनाको पछिल्लो पाटोलाई पनि बेवास्ता गर्न मिल्दैन । विगतमा केही निजी उद्यमीहरूबाट राजनीतिक दलसँगको साँठगाँठमा नीतिगत प्रभाव वा कानुनी छिद्रको प्रयोग वा राज्य स्रोतको दुरुपयोगमार्फत परियोजना हात पार्ने र बैंकको लगानीमा निर्माण तथा सञ्चालन गर्ने प्रवृत्ति पनि थियो । अहिले त्यस्ता समूहहरू निरूत्साहित अवस्थामा छन् । नयाँ सरकारले अवलम्वन गर्ने नीतिको अनुमान पहिला जस्तो सहज नहुँदा निजी क्षेत्रमा बढेको मनोवैज्ञानिक त्रासले बैंकिङ प्रणालीमा थुप्रिएको तरलता उत्पादनमूलक क्षेत्रमा प्रवाह हुन सकेको छैन । यससँगै विश्व अर्थतन्त्रको उथलपुथलका कारण आन्तरिक माग र आयातमुखी अर्थतन्त्रमा देखिने चक्रीय शिथिलताले ऋणको प्रभावकारी माग घटाएको छ । सरकारी बजेट रूपान्तरणकारी आयोजनामा परिचालन हुन सकेको छैन वा स्रोत अभाव छ । जबसम्म सरकार स्वयम्ले ठूला परियोजनामा अग्रसरता देखाएर निजी लगानी 'क्राउड इन' गर्ने वातावरण बनाउँदैन, बैंक कर्जाको माग स्वत: बढ्ने अपेक्षा गर्न कठिन छ ।

**मौद्रिक नीतिले के गर्न सक्छ ?**

प्रश्न उठेको छ, के अहिलेको अवस्था दीर्घकालीन 'लिक्विडिटी ट्रयाप' हो ? वा नयाँ बजेट र मौद्रिक नीतिले आन्तरिक बजारमा समष्टिगत माग बढ्यो र लगानीको वातावरणमा सुधार आयो भने कर्जाको माग पनि सुधारिन सक्छ ? अवश्य बजेटले परिकल्पना गरेका संरचनागत सुधार, नीतिगत स्पष्टता र निजी क्षेत्रको विश्वास पुनर्स्थापना भएमा अपेक्षित समाधान सम्भव देखिन्छ । यसमा नेपाल राष्ट्र बैंकले गम्भीरताका साथ नयाँ मौद्रिक नीतिमा बजेटले जस्तै सुधारात्मक कदम चाल्न आवश्यक छ । समाधानका लागि तीन तहमा हस्तक्षेप आवश्यक छ । पहिलो, नीतिगत निरन्तरता र पूर्वाधार परियोजनाको विश्वसनीय कार्यान्वयन, जुन बजेट मार्फत प्रयास भएको छ । दोस्रो, बैंकिङ प्रणालीलाई धितोमा आधारित ऋणबाट सम्भाव्य परियोजनामा आधारित कर्जा नीतितर्फ उन्मुख गराउने कार्यविधि कार्यान्वयन । तेस्रो, आयातमुखी संरचनाबाट उत्पादनमुखी मूल्य श्रृंखलामा आधारित अर्थतन्त्रतर्फ रूपान्तरणको लगि तिनै तहका सरकार र निजी क्षेत्रको सहकार्य । अहिलेको चुनौती अधिक तरलता मात्र होइन बरू विश्वास, संरचना र कार्यदिशाको अभाव हो । त्यसैले समाधान पनि त्यही तहबाट खोज्नुपर्छ ।

**निजी लगानी 'क्राउड इन' रणनीति**

सरकारले बजेटमा बोलेजस्तै परियोजना विकास र व्यवस्थापनमा आमुल सुधार हुनुपर्छ । त्यसका लागि सरकारले द्रुतमार्ग, शहरी सार्वजनिक पूर्वाधार, औद्योगिक करिडोर, जलविद्युत् करिडोरजस्ता रणनीतिक क्षेत्रमा १० देखि १५ ठूला रूपान्तरणकारी आयोजना स्पष्ट समयसीमा, वित्तीय संरचना र कार्यान्वयन सुनिश्चिततासहित अघि बढाउने । त्यस्ता आयोजनामा निजी क्षेत्रलाई आकर्षित गर्न न्यूनतम राजस्व ग्यारेन्टी वा भायबिलिटी ग्याप फन्डिङ र हेजिङको मोडल विकास गरी निजी क्षेत्रमार्फत कर्जाको माग बढाउन प्रोत्साहन गर्ने । यसबाट सहायक क्षेत्रमा निजी क्षेत्रबाट स्वत: लगानी आकर्षित भइ बैंक ऋणको माग विस्तारमा सहयोग पुग्छ ।

**परियोजनामा आधारित बैंकिङ**

बजेटमा उल्लेख भएजस्तै परियोजनाको नगद प्रवाह क्षमताका आधारमा ऋण लगानी हुने वातावरण गर्न साना तथा मझौला उद्यमका लागि क्रेडिट ग्यारेन्टी कोष सुदृढीकरण गर्ने । परियोजना मूल्याङ्कन क्षमतामा सुधार गर्न बैंकहरूमा विशेष प्राविधिक इकाइ स्थापना गरी स्थनीय मूल्य श्रृंखलामा आधारित उद्योगलाई क्षेत्रगत कर्जा कार्यक्रमसँग जोड्ने । जग्गा र हाउजिङ क्षेत्रलाई नियमन र संरचनागत सुधारमार्फत मुख्य शहरभन्दा बाहिर मध्यमवर्गको पहुँच पुग्नेगरी विस्तार गर्ने । गैरआवासीय नेपाली तथा विदेशी नागरिकलाई घर तथा अपार्टमेन्ट खरिद खुलाएर प्रोत्साहन गर्ने रणनीति अवलम्वन गर्ने । जलविद्युत् परियोजनाको नियमित पीपीए वा प्रसारण लाइन र विद्युत् खरिद बिक्रीमा निजी क्षेत्रको सहभागिता सुनिश्चितता स्पष्ट गरी लगानी वातावरण स्थिर बनाउने ।

**पर्यटन तथा सेवा निर्यात प्रोत्साहन**

डिजिटल आउटसोर्सिङ सेवा निर्यात गर्ने नवउद्यममा बैंकिङ लगानी प्रोत्साहन गर्न डिजिटल अर्थतन्त्र र आर्टिफिसियल इन्टेलिजेन्स सेवा उद्योगका लागि छुट्टै कर्जा संयन्त्र विकास गरी कार्यान्वयन गर्ने । यसलाई सहयोग पुऱ्याउने गरी गैरआवासीय नेपाली र विदेशी नागरिकलाई सहलगानी (मातृभूमि) कोषमार्फत पर्यटन तथा सूचना प्रविधि लगायतका सेवा क्षेत्रमा आमन्त्रित गर्न सके आन्तरिक बैंक कर्जाको माग बढाएर समग्र लगानी चक्र सक्रिय बनाउन सकिन्छ ।

**ब्याजदर स्थिरता**

ऋणको माग अपेक्षित रूपमा बढ्न नसक्नुको एउटा महत्त्वपूर्ण कारण ब्याजदरको अस्थिरता पनि हो । केही वर्षअघि दोहोरो अंकमा पुगेको कर्जाको ब्याजदर अहिले न्यूनतम तहमा छ । यस्तो उतारचढावले दीर्घकालीन लगानी निर्णयलाई प्रभावित गर्छ । नेपाल राष्ट्र बैंकले केही वर्षदेखि नीतिगत तहमा ब्याजदर करिडोरको अवधारणा लागु गरे पनि यसको प्रभावकारी सञ्चालन अझै चुनौतीपूर्ण छ । अन्तरबैंक दर, नीतिगत दर र कर्जाको ब्याजदरबीच अझै पर्याप्त तालमेल स्थापित हुन सकेको छैन । अन्यथा बैंकहरूमा पैसा थुप्रिने र अर्थतन्त्रमा लगानी अभाव रहने विरोधाभास अझै केही वर्ष कायम रहने जोखिम छ ।

*-अनलाइन खबर डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : धेरै कुरा एकैपटक गर्नुभन्दा एउटा काम पूरा गरेर अर्कोमा लाग्नु ठीक हुनेछ। | **तुला**: थोरै विश्रामले पनि धेरै ऊर्जा दिन सक्छ।केही विषय आफैं स्पष्ट हुँदै जानेछन्। |
| **वृष** : सम्बन्धमा अझ नजिकपन ल्याउनेछ। सिर्जनात्मक काममा पनि रुचि बढ्न सक्छ। | **वृश्चिक** : पुरानो साथी वा चिनजानको व्यक्तिबाट सहयोग मिल्न सक्छ। |
| **मिथुन** : परिवारका सदस्यसँग बसेर केही पुराना विषयको टुङ्गो लाग्न सक्छ। | **धनु** : जिम्मेवारी बढे पनि त्यसलाई सहज रूपमा पूरा गर्ने क्षमता देखिनेछ। |
| **कर्कट** : दैनिक दौडधुप बढ्न सक्छ। कागजी काम पूरा गर्ने अवसर मिल्नेछ। | **मकर** : धार्मिक कार्य व्यक्तिसँगको भेटबाट उपयोगी ज्ञान प्राप्त हुनेछ। |
| **सिंह** : कमाएको धनको सही उपयोग गर्ने सोच आउनेछ। योजना बलियो बन्नेछ। | **कुम्भ** : कुनैविषय स्पष्ट हुन सक्छ। चालिएको कदमले पछिको झन्झट कम गर्नेछ। |
| **कन्या** : अरूको ध्यान खिच्न सक्नुहुनेछ। रोकिएको काममा फेरि गति आउन सक्छ। | **मीन** : नयाँ ढङ्गले बुझ्ने अवसर मिल्नेछ। गरेको प्रयासले राम्रो परिणाम दिनेछ। |

# गुल्मीमा मध्य असारसम्म १३ प्रतिशत मात्रै रोपाइँ



**गुल्मी,** असार १६/ गुल्मीमा मध्य असार सकिदा १३ प्रतिशत मात्र रोपाइँ भएको छ । सिंचाइ अभावले आकाशे पानीमै भर पर्ने भएकाले यहाँ धानको ब्याडमा बीउ छिप्पिँदै जाँदासमेत किसानले रोपाइँ गर्न पाएका छैनन् । गत वर्ष यही अवधिसम्म ५५ प्रतिशत धान रोपाइँ सम्पन्न भएको थियो ।

कृषि ज्ञान केन्द्र गुल्मीका अनुसार जिल्लाको कुल ४७ हजार २८५ हेक्टर खेतीयोग्य जमिनमध्ये ६ हजार ५४१ हेक्टरमा वर्षे धान खेती हुने गरेको छ । तीमध्ये हालसम्म ७ सय १९ दशमलव ५१ हेक्टर क्षेत्रफलमा मात्र धान रोपाइँ सम्पन्न भएको छ । जिल्लाका कालीगण्डकी गाउँपालिकाका अर्बेनी, कनौटा र छापचौर, सत्यवती गाउँपालिकाका लिम्घा, अस्लेवा, जुहाङखैरेनी, साहाघाट, चेहेमी फाँट, चन्द्रकोट गाउँपालिकाका मजुवा, रुपाकोट र शान्तिपुरका फाँटमा मुख्य रूपमा धान खेती हुने गरेको छ।त्यसैगरी मुसिकोट नगरपालिकाका तल्लाफाँट, इन्द्रेगौडा, भुवाचिदी, वामीटक्सार, पौदी अरेवा, भर्मचौरलगायत बडिघाट खोलाको आसपासका क्षेत्रमा पनि धान खेती गरिन्छ । मालिका गाउँपालिकाका सिमलटारी, फूलबारी र सिलादी, मदाने गाउँपालिकाको सिर्सेनीस्थित सिम, अग्लुङ फेदी तथा भनभनेको तल्लो क्षेत्रमा धान रोप्ने गरिन्छ । यस्तै धुर्कोट गाउँपालिकाको पनाहाखोला र छल्दी खोलाका फाँट, ईश्मा गाउँपालिकाको चौरासीफाँट, हुलाके, हस्तिचौर तथा छल्दी र निस्ती खोलाको आसपासका क्षेत्रमा पनि धान उत्पादन हुने गरेको छ । गुल्मीदरबार गाउँपालिकाको गरमटारी, खर्ज्याङ, घोडाहाफाँट, टारीफाँट तथा छत्रकोट गाउँपालिकाका खर्ज्याङ, मनबाग, अँगा, उल्लीखोला, बोआ फाँट र रुरु क्षेत्रका टाहाटिमलगायतका स्थान धान उत्पादनका प्रमुख क्षेत्र रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

# अवैध लागूऔषध...

...प्रहरी चौकी महम्मदपुरबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै कास्कीको पोखरा महानगरपालिका-२५ हेम्जा डेरा गरी बस्ने सिन्धुली दुधौली नगरपालिका-३ कालापानी घर भएका २९ वर्षीय बिशाल भुजेललाई नियन्त्रित लागूऔषध टापेन्टाडोल ३४ ट्याब्लेट र नगद १० हजार रूपैयाँ सहित प्रहरीले पक्राउ गरेको छ । वडा प्रहरी कार्यालय बगरबाट खटिएको प्रहरीले उनको कोठा तलासी गर्दा उक्त लागूऔषध फेला पारी पक्राउ गरेको हो । यसैगरी कास्कीकै पोखरा महानगरपालिका-९ पृथ्वीचोकबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ६ सय ७० मिलिग्राम र नगद १५ हजार ३ सय ५० रूपैयाँ सहित सोही ठाउँ बस्ने तनहुँ ब्यास नगरपालिका-५ दमौली घर भएका ३८ वर्षीय कृष्ण बहादुर विकलाई प्रहरीले पक्राउ गरेको छ । उक्त स्थानमा खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै भक्तपुरको प्रहरी वृत्त जगाती समेतबाट खटिएको प्रहरीले काभ्रे बनेपा नगरपालिका-८ बाट नियन्त्रित लागूऔषध ट्रामाडोल ६ हजार ७ सय ट्याब्लेट सहित २ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ डेरा गरी बस्ने ओखलढुङ्गा मानेभञ्ज्याङ गाउँपालिका-२ घर भएकी २३ वर्षीया ग्रीष्मा राई र सिन्धुपाल्चोक इन्द्रावती गाउँपालिका-३ घर भएका २८ वर्षीय सहकुल बानिया रहेका छन् । सूर्यविनायक नगरपालिका-८ सिपाडोलबाट २३ वर्षीय राज थापालाई नियन्त्रित लागूऔषध ट्रामाडोल सहित आइतबार प्रहरीले पक्राउ गरेको थियो । थप अनुसन्धानको क्रममा थापाले उक्त लागूऔषध काभ्रे बनेपा नगरपालिका-८ बाट खरिद गरी ल्याएको भन्ने खुल्न आएपश्चात प्रहरीले ग्रीष्मा र सहकुललाई समेत पक्राउ गरेको हो । मोरङ, पथरी शनिश्चरे नगरपालिका-६ पिप्लेबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ २ ग्राम ५ सय १० मिलिग्राम सहित सोही ठाउँ बस्ने ३८ वर्षीय प्रदिप मण्डललाई सोमबार राति प्रहरीले पक्राउ गरेको छ । अस्थायी प्रहरी पोष्ट हसन्दहबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । पर्साले बिन्दावासिनी गाउँपालिका-४ अमरपट्टीबाट अवैध लागूऔषध गाँजा करिब १० किलोग्राम सहित बहुदरमाई नगरपालिका-८ बस्ने ५८ वर्षीय मनोहर सहनीलाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी अमरपट्टीबाट खटिएको प्रहरीले उनलाई उक्त गाँजा सहित पक्राउ गरेको हो । घटनाको विषयमा थप अनुसन्धान भइरहेको केन्दीय प्रहरी समाचार कक्षले जनाएको छ ।

# हराउँदै गोरुले

...तर पछिल्ला वर्षमा कृषि मजदुरको अभाव, समयको बचत र कृषि उपकरणबाट छिटो काम हुने भएकाले किसान यान्त्रिक उपकरणतर्फ आकर्षित भएका सारुको बुझाइ छ । विशेषगरी अन्नको भण्डारका रूपमा लिइने तानसेनको माडीफाँट, अर्गेली, रम्भा गाउँपालिकाको हुँगी, हेक्लाङ, रामपुरको रामपुर फाँट, पूर्वखोलाका केही फाँट, निस्दी गाउँपालिकाको ढुँनावेसी, तिनाउ गाउँपालिकाको कचल, झ्याङ्ला, रिब्दीकोट र रैनादेवी छहराका तल्ला फाँटहरुमा एक दशकअघिसम्म गोरुले जोतेर धान रोप्ने प्रचलन थियो । अहिले यी ठाउँमा ट्याक्टरले जोतेर धान रोपाइँ हुने गरेको छ । गाउँमा गोरु पाल्ने किसानको संख्या घट्दै जाँदा हलो, जुवा, फालीलगायत परम्परागत कृषि सामग्री पनि प्रयोगविहीन बन्दै गएका छन् । यसले ग्रामीण जीवनसँग जोडिएका पुराना कृषि संस्कार र सीपसमेत लोप हुने अवस्थामा पुगेको छ । यान्त्रिकीकरणले उत्पादन लागत र समय घटाउन सहयोग गरे पनि परम्परागत कृषि ज्ञान तथा जैविकखेतीसँग जोडिएका अभ्यासको संरक्षणमा पनि ध्यान दिन आवश्यक रहेको कृषि केन्द्र पाल्पाका कृषि अर्थविज्ञ मातिवर यावदले बताए । केही वर्षयता गाउँका कृषकहरूले आधुनिक हलो प्रयोग गर्न थालेका भन्दै गोरुमार्फत जोत्ने कृषकलाई पनि ज्ञान केन्द्रले प्रेरित गर्दै आएको उनले जानकारी दिए ।

## खेलकुद समाचार

# इरान विश्वकपको समूह चरणबाटै बाहिरियो



**काठमाडौं,** असार १६/राजनीतिक तनाव र कडा अमेरिकी प्रतिबन्धबीच संघर्ष गरिरहेको इरान फिफा विश्वकप २०२६ को समूह चरणबाटै बाहिरिएको छ । समूह 'जी' मा बेल्जियम, न्युजिल्याण्ड र इजिप्टसँग बराबरी खेल्दै ३ अंक जोडेको इरान तेस्रो स्थानमा रहँदै अन्तिम ३२ मा पुग्नबाट मात्र एक स्थानले चुक्यो । अल्जेरिया र अस्ट्रियाबिचको खेल ३-३ को बराबरीमा सकिएपछि इरानको यात्रा समाप्त भएको हो । मैदान बाहिर अमेरिका र इजरायलसँगको युद्ध तथा सैन्य तनावको असर इरानी टोलीमा स्पष्ट देखियो कप्तान मेहदी तारेमीले बताए । इरानका प्रशिक्षक अमिर घालेनोईले प्रतियोगिताभरि आयोजकबाट अनुचित व्यवहार भोग्नुपरेको आरोप लगाएका छन् । मेहदी र अमिरका अनुसार प्रतियोगिताभरि टोलीलाई अभ्यास खेल खेल्न दिइएन र दर्जनौं सहयोगी कर्मचारीलाई अमेरिकी जान भिसा दिइएन । खेलाडीहरूलाई खेल हुनुभन्दा एक दिन अघिसम्म यात्रा अनुमति नहुँदा सियाटल र मेक्सिकोको तिजुआनाबिच लगातार दौडधुप गर्नुपरेको थियो, जसले गर्दा लयमा फर्किन समय नै मिलेन । रंगशाला बाहिर इरानी र अमेरिकीहरूले तेहरान सरकारविरुद्ध प्रदर्शन गरे भने भित्र राष्ट्रगानका क्रममा हुटिङ र ताली बज्यो । प्रशिक्षक घालेनोईले अन्य ४७ देशका प्रशिक्षकबाट कुनै समर्थन नपाएको गुनासो गर्दै युवा खेलाडीहरूको यो कठिन संघर्ष इतिहासमा दर्ता हुनुपर्ने बताएका छन् ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से २४ दशमलव ६३ अङ्कले घट्यो



**पाल्पा,** असार १६/सेयर कारोबार मापक नेप्से परिसूचक २४ दशमलव ६३ अंकले घटेको छ । अघिल्ला ६ दिन लगातार घटेको नेप्सेमा मंगलबार पनि सोही प्रवृति दोहोरिएको हो । अघिल्लो दिनको तुलनामा मंगलबार ० दशमलव ९३ प्रतिशतले घट्दा समग्र नेप्से २ हजार ६ सय ०८ दशमलव ३३ अंकमा ओर्लेर बन्द भएको हो । सोमबार नेप्से १६ दशमलव ५४ अंकले घटेको थियो ।

मंगलबार ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव शून्य चार अङ्कले ओरालो लागेर ४ सय ५२ दशमलव ७९ अङ्कमा सीमित भएको छ । कूल ३६५ कम्पनीको ८७ लाख ३७ हजार ३९२ कित्ता शेयर रु तीन अर्ब २५ करोड ८७ लाख ५८ हजार १४ मूल्यमा खरिद बिक्री भएको छ । नेप्सेका अनुसार, कारोबारका आधारमा सिद्धार्थ बैंक शीर्ष स्थानमा छ । टक्सार पिखुवा खोला हाइड्रोपावर, आँखु खोला जलविद्युत् कम्पनी, एनआरएन इन्फ्रास्ट्रक्चर, याम्बलिङ हाइड्रोपावर शीर्ष पाँचभित्र पर्न सफल भएका छन् । नेप्सेका अनुसार स्नो रिभर लिमिटेड, कर्पोरेट डेभलपमेन्ट बैंक, स्वाभिमान लघुवित्त, स्ट्यार्ण्डड चार्टड बैंकको डिवेञ्चर र सिर्जनशील लघुवित्तका लगानीकर्ताले कमाएका छन् । टक्सार पिखुवा खोला हाइड्रोपावर, याम्बलिङ हाइड्रोपावर, सोपान फर्मासिटिकल्स, श्रीनगर एग्रीटेक र पियोर इनर्जीका लगानीकर्ताले भने गुमाएका छन् ।


## सडक दुर्घटनाबाट बचौं र बचाऔं

-सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
-तीव्र गतिमा सवारी साधन नचलाऔं, ट्राफिक नियम पालना गरौं,
-जोखिमपूर्ण सडकमा सवारी चलाउँदा विशेष ध्यान दिऔं,
-मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
-सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खवर गरौं,
-पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
-सवारी चालक्ले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं, सवारी साधन नियमितरुपमा मर्मतसम्भार गरौं,
-दुर्घटना भएमा तुरुन्त प्रहरी र अस्पतालमा सम्पर्क गरौं।
सावधानी अपनाऔं, बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## जिल्ला अदालत पाल्पाबाट जारी भएको २१ दिने सूचना

साविक नुवाकोट जिल्ला ककनी गाँउपालिका वडा नं ७ चतुराले स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका गोगंबु वडा नं ३ बस्ने रुद्र नारायण भट्टको नाती धर्म दत्त भट्टको छोरा अं वर्ष ४८ को राम प्रसाद भट्ट.........१

वादी डम्बर बहादुर सुनारी भन्ने डम्बर बहादुर मगर र प्रतिवादी राम प्रसाद भट्ट भएको मुद्दा नं: ०८२-CP-०२१८ को लेनदेन मुद्दामा तपाईका नाउँमा जारी भएको सुरु म्याद बेपत्ते तामेल भई आएकोले यस अदालतबाट मिति २०८३/०३/१५ गते तपाईको नाउँमा पुन: राष्ट्रिय स्तरको स्थानीय दैनिक पत्रिकामा ईतलायनामा म्याद जारी गर्ने भन्ने आदेश भएकोले मुलुकी देवानी कार्यविधी संहिता, २०७४ को दफा ११४ बमोजिम यो म्याद सूचना प्रकाशित गरिएको छ । यो म्याद सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक २१ (एक्काईस) दिन भित्र भए सबुत प्रमाण समेत लिई अदालत खुलेको समयमा तपाई स्वयं आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधी वा कानून व्यवसायी मार्फत प्रतिउतरपत्र साथ यस अदालतमा हाजिर हुन आउनुहोला । म्याद गुजारी बसेमा मुद्दा कानून बमोजिम हुनेछ । ***ईति संवत् २०८३ साल असार १५ गते रोज २ मा शुभम् ...***


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई